प्रा.लि.नं. ३४०/०५२/०५३

# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Company Ltd.

च. नं. ४४-०७८/७९

मिति २०७८/०५/०८

श्री नेपाल स्टक एक्सचेज ली.
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

बिषय : प्रतिबेदन सहितको बिबरण पठाएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नेशनल हाइड्रो पावर कम्पनी लि. को आर्थिक बर्ष २०७७/०७८ को चौथो त्रैमासिक अबधिको वासलात र नाफा नोक्सान सम्बन्धी प्रतिबेदन मिति २०७८/०५/०६ गते को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित भएको हुनाले उक्त पत्रिकाको प्रतिलिपी यसै साथ राखि जानकारीको लागि पठाएको ब्यहोरा अनुरोध छ ।

भवदिय,

..........

सन्जीब कुमार लामा
कम्पनी सचिब

आर्थिक अभियान
२०७८ साउ ६ गते



# ६७% नेपालीमा मात्र वित्तीय पहुँच

मा ३०,
कर्णाली
पश्चिम
ले प्रति
ड सेवा

१ लाख
ल्याउने
संस्थाको
५४ र
ग्रामलव
ध्ययनले

मेलामा
रिकले
खिएको
जार १
बोलेको
मा भने
बोलेको
हजार
खाता

६७
मात्र
गाएको
८१
सक्रिय
छ।
ख्यामा
भने
मुद्दती
मलव
कगत
तिशत
(१५

गर्ने
मलव
सैगरि
३२
रनेट
८६

उमेर गत हिसाबले २० वर्ष उमेरका व्यक्तिमा प्रविधिको प्रयोग उच्च रहेको र सो उमेरभन्दा माथि प्रविधिको प्रयोग क्रमशः घट्दै गएको देखिएको छ। युवा पुस्तामा प्रविधिको प्रयोग उच्च रहेको हुँदा आगामी दिनमा प्रविधिको माग दिनानुदिन बढ्दै जाने देखिएको अध्ययनले देखाएको छ।

NHPC

# नेशनल हाईड्रो पावर कम्पनी लि.

## National Hydro Power Co. Ltd.

बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

### UNAUDITED BALANCE SHEET (Quaterly)

As at 31st Ashadh 2078

| Particulars | This Quarter ending As on 31st Ashadh, 2078 | Quarter ending As at 31st Chaitra 2077 | Corresponding Quarter ending 31st Ashadh, 2077 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 1,866,305,484 | 1,864,677,324 | 1,864,701,031 |
| Less: Accumulated Depreciation | 934,972,160 | 923,170,333 | 883,525,175 |
| **Net Block** | **931,333,324** | **941,506,991** | **981,175,856** |
| Investments | 99,925,100 | 99,925,100 | 99,925,100 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 104,813,332 | 91,464,361 | 67,843,465 |
| Sundry Debtors | 6,844,314 | 9,023,936 | 41,435,998 |
| Cash & Cash Equivalent | 23,516,421 | 25,907,230 | 1,018,390 |
| | **1,166,432,491** | **1,167,827,618** | **1,191,398,810** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 1,385,911,200 | 1,385,911,200 | 1,385,911,200 |
| Reserve and Surplus | (355,156,311) | (332,974,005) | (350,735,579) |
| **Non-Current Liabilities** | | | |
| Loans | 91,887,552 | 77,493,849 | 80,619,084 |
| **Current Liabilities** | | | |
| Sundry Creditors & Other Payables | 37,055,288 | 27,807,187 | 55,055,438 |
| Provisions | 6,734,762 | 9,589,387 | 20,548,665 |
| | **1,166,432,491** | **1,167,827,618** | **1,191,398,810** |

### UNAUDITED INCOME STATEMENT (Quaterly)

For the period from 1st Baisakh 2078 to 31st Ashadh, 2078

| Particulars | This Quarter FY 2077-78 (NPR) | Previous Quarter FY 2077-78 (NPR) | Corresponding Quarter FY 2076-77 (NPR) |
|---|---|---|---|
| Revenue | 25,414,388 | 28,414,600 | 55,788,248 |
| Less: Direct Expenses | 20,363,228 | 16,750,841 | 21,379,795 |
| **Gross Profit** | **5,051,160** | **11,663,759** | **34,408,452** |
| Administrative Expenses | 12,520,130 | 4,802,608 | 4,306,839 |
| **Profit from Operation** | **(7,468,970)** | **6,861,151** | **30,101,614** |
| **Less:** | | | |
| Financial Expenses | 15,110,203 | 973,513 | 2,147,926 |
| Depreciation | 13,184,740 | 12,878,111 | 13,532,638 |
| **Add:** | | | |
| Other Income | 10,726,981 | 943.95 | 117,925.15 |
| **Profit Before Tax** | **(25,036,932)** | **(6,989,530)** | **14,538,975** |
| Provision for Tax | (2,659,987) | (228,988) | 3,936,576 |
| Provision For CSR | (194,639) | (67,605) | 106,024 |
| **Net Profit after Tax** | **(22,182,306)** | **(6,692,937)** | **10,496,375** |
| **Balance transferred to Balance Sheet** | **(22,182,306)** | **(6,692,937)** | **10,496,375** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary which might vary from previous quarter published figure.

2) The figures for previous ... previous quarter published figure.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित**

# अनुसूची १४

## आ.व. २०७७/०७८ चौथो (असार मसान्त) त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण :**

(क) आ.व. २०७७/०७८ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू :
प्रति शेयर आम्दानी रु. (०.२१ (बार्षिकिकरण),
प्रति शेयर कूल सम्पत्तिको मूल्य रु.८४.१६,
प्रति शेयर नेटवर्थ रु.७४.३७
मूल्य आम्दानी अनुपात (PE Ratio):-

**२. व्यस्थापकीय विश्लेशण :**

(क) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटनाहरू:

१. बक्यौता राफ साफ गरिएको
आ.व. २०६५/२०६६ देखि नै एन.सि.सि. बैंकसँग राफ साफ हुन बाँकी हिसाबमा उक्त बैंकले रु. २ करोड ३५ लाख ८० हजार तीन शय पैंतालिस बक्यौता दावी गरिरहेकोमा बैंकसँग negotiation गरी गत आषाढ मसान्तमा १ करोड ६८ लाख ८० हजारमा सो बक्यौता राफ साफ गरियो ।

२. दैवी प्रकोप (काबु बाहिर) को असर
गत आ.व. को श्रावण र आषाढ महिनामा इन्द्रावति र मेलम्ची नदीहरूमा आएको बाढीको कारणले आयोजनाबाट उक्त महिनाहरूमा क्रमशः २१ र ३१ दिन गरी कूल ५२ दिन विद्युत उत्पादन हुन सकेन । त्यसबाट कम्पनीको विद्युत उत्पादनबाट हुने आम्दानीमा क्रमशः १ करोड ६४ लाख र २ करोड १५ लाख गरी जम्मा रु. ३ करोड ७९ लाखको कमी आएको छ ।
मिति २०७७ श्रावणको बाढी पहिरोको कारणले भएको क्षतिको लागि गरिएको बीमा दावी अनुसार बीमा कम्पनीबाट करीब १ करोड २४ लाख रुपैयाँ भुक्तानी प्राप्त भएको छ ।
त्यसैगरी आषाढ २०७८ को बाढी पहिरोको कारणले भएको क्षति बापत करिब ८ करोड ७५ लाखको बीमा दावी गरिएको छ । दावी भएको बीमा रकमलाई समिक्षा अवधिको आम्दानीमा बाँधिएको छैन । हाल मर्मतको कार्य भईरहेको हुनाले विद्युत उत्पादन बन्द रहेको छ ।

३. तल्लो इन्द्रावती जलविद्युत आयोजना (४.५ मेगावाट) को अनुमति पत्र
नेपाल सरकारले तल्लो इन्द्रावती जलविद्युत आयोजना (४.५ मेगावाट) को अनुमति पत्र प्रतिस्पर्धा गराइ बोल कबोलको माध्यमबाट प्रदान गर्ने नीति लिई गराएको प्रतिस्पर्धामा हाम्रो प्राविधिक तथा आर्थिक प्रस्ताव सर्वोत्कृष्ट ठहरिएकोले विद्युत विकास विभागले सन् २०२१ जुन २८ मा हामीलाई उक्त अनुमति पत्र उपलब्ध गराउने आशयको पत्र दिइ सकेको र तत्पश्चात उक्त इजाजत पत्र उपलब्ध गराउने कारवाही अगाडी बढाइसकेको अवस्था छ । यो आयोजना हाम्रो कम्पनी मुख्य प्रवर्द्धक रहेको सुनकोशी हाइड्रोपावर कं. लि.ले प्रवर्द्धन तथा लगानी गर्दै आएकोमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आदेश अनुसार मिति २०७१/०९/३० को उर्जा मन्त्रालय सचिव स्तरीय निर्णयले खारेजी भएकोले सुनकोशी हाइड्रो पावर कम्पनीको 'going concern' नरहेको अवस्थामा उक्त इजाजत पत्र प्राप्त भइ, आवश्यक कानूनी तथा प्रशासनिक प्रकृया पूरा गरी सुनकोशी हाइड्रो पावर कम्पनीको 'going concern' सुनिश्चित गरे पश्चात, उक्त अयोजनामा भएको लगानी मध्ये करिब ६१ करोड ७२ लाख write back हुँदा कम्पनीसँग करिब २० प्रतिशत प्रतिफल दिन सक्ने गरी संचित जगेडा (reserve surplus) उपलब्ध हुन्छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस कम्पनीले उच्च अदालत पाटनमा जितेका मुद्दाहरू उपर विपक्षीले सर्वोच्चमा पुनरावेदन दर्ता गरी मुद्दा चलिरहेको छ ।

(ख) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा मात्र विचाराधिन अवस्थामा रहेको छ ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण :**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु.३६५ | कूल कारोबार दिन | ६५ |
| न्यूनतम मूल्य | रु.१४३ | कूल कारोबार संख्या. | १,२९,३८९ |
| असार मसान्तको अन्तिम मूल्य | रु.३१० | कूल कारोबार शेयर संख्या | ४,४१,४५,७९८ |

**५. समस्या, चुनौतिहरु तथा रणनीतिहरू :**

- यस कम्पनीको लगानी रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी प्रा.लि. १४.१५ मेगावाट, (भोजपुर) आयोजनामा बंकर लगायतको निर्माण कार्य सम्पन्न भई नेपाली सेना आयोजना स्थलमा गै सकेको हुनाले बिष्फोटक पदार्थ आयोजना स्थलमा पुऱ्याई, करिब ९७५ मिटर सुरुङ उत्खनन् भई सकेको छ । त्यसैगरी अन्य सिभिल संरचना निर्माणको ठेक्का सम्पन्न भइसकेको छ भने विद्युतीय मेशिन तथा उपकरणहरूको टेन्डर सम्पन्न भई ठेक्का सम्झौताको लागि negotoations को काम भइरहेको जानकारी गराउदछौं । यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एस.बि.आई. बैंक लि. र ज्योति विकास बैंकसँग सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत हुन थालिसकेको जानकारी गराउन चाहन्छौं ।
- यस कम्पनीको नाममा कास्की जिल्ला नामार्जुन गा.वि.स.स्थित मादमे खोलामा १२.३०० किलोवाट क्षमताको माथिल्लो मादमेखोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्र लिई प्राविधिक अध्ययन जारी रहेकोमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले संरक्षण क्षेत्र भित्र आयोजना निर्माण गर्ने स्वीकृति नदिएकोले उक्त आयोजनाको इजाजत पत्र नवकीरण हुन नसकेको जानकारी गराइन्छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ साथै यसलाई अझ सुदृड बनाउदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन ।